
बाल सन्दर्भ सामग्री – १८

# नदेखिने कपडा



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# नदेखिने कपडा



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो।
बिक्री गर्न पाइने छैन।

लेखन
रमेश विकल

चित्राङ्कन कर्ता
सुमन बज्राचार्य

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३

पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| क्र.स. | पाठ शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | इमानदार नगर्ची | ५ |
| २. | इमानदारीको जाँच | ८ |
| ३. | सङ्गत गुनको बुद्धि | ११ |
| ४. | कोसिस | १४ |
| ५. | दुधको दुध, पानीको पानी | १७ |
| ६. | मानिसको धर्म | २० |
| ७. | नदेखिने कपडा | २२ |

# इमानदार नगर्ची



हाँडी गाउँ सहरमा एउटा गरिब नगर्ची परिवार बस्दथे । उनीहरू गरिब भए पनि सारै इमानदार थिए । उनीहरू काम गरेको मिहिनेतको ज्याला मात्र लिन्थे। कसैले पनि उनीहरूबाट धोका खानु पर्दैनथ्यो । कुनै ग्राहक जुत्ता किन्न आयो भने उनीहरू कहिले पनि कमसल माललाई असल भनेर ढाँट्तैनथे। असललाई असल र कमसललाई कमसल भनेर सफा सफा भनिदिन्थे।

आफ्नै माललाई असल र बलियो छ भन्नुको साटो निर्धो भन्दै ग्राहकहरूलाई फर्काएको देखेर केही मानिस उनीहरूलाई मूर्ख ठान्थे । उनीहरूको इमानदारीमाथि मानिसहरू सहानूभूति देखाउनुको साटो हाँसो उडाउँथे। ग्राहकहरू पनि उनीकहाँ धेरै कम जान्थे। यसैले ती बिचरा इमानदार नगर्चीले सारै दुःख पाएका थिए । उनीहरूलाई बिहान बेलुकी खान पनि धौ धौ पर्दथ्यो । उनीहरू आफ्नो भाग्यसँग गुनासो गरेर दिन काट्थे।

कहिलेकाहीँ त यही गरिबीका कारणले गर्दा बुढा र बुढीमा झगडा पनि पर्दथ्यो। बुढी भन्थिन्, "हेर बुढा, हामीले जतिसुकै सोझो बाटो, इमान जमानमा चले पनि हामीलाई एक पेट खान सधैँ मुस्किल छ । सँगै छिमेकमा नगर्चीहरू कति बेइमानी गर्छन्, ग्राहकलाई कति धोका दिएर ठग्छन्, तैपनि उनीहरू नै सधैँ मिठो खान्छन्। उनीहरू नै सधैँ राम्रो लाउँछन्। हामीले पनि उनीहरूले जस्तै गरे भोकै मर्नु त पर्दैन।"

तर बुढा यो कुरा मान्दैनथे । उनी श्रीमतीलाई सम्झाउँदै भन्थे, "हेर बाबै, दुई दिनको चोलामा बेइमानी गरेर, इमान जमान छाडेर मेवा मिष्टान्न खानुभन्दा बरु खोले फाँडो खाएरै बाँचौँला। हामीभन्दा गरिब कति छन् कति । इमान जमान नै छाडेपछि अरू के बाँकी रह्यो र ! मान्छे भन्नु नै इमान जमान हो।"

यसरी बुढा र बुढी कहिले गुनासो गर्दै, कहिले ठाकठुक गर्दै जिनतिन बाँचिरहेका थिए । आखिरमा उनीहरू एक जोर जुत्ता बनाउने छाला किन्नसम्म पनि नसक्ने हालतमा पुगे। उनीहरूसँग एक पैसा पनि रहेन। उनीहरू

आफ्नो भाग्यमाथि बिलौना गर्दै दिन काट्न थाले ।

ती नगर्ची नगर्चिनीको दुर्दशा देखेर इमान र जमान नाउँका देउताहरूका बिचमा खलबली पऱ्यो । ती इमानदार बुढाबुढी यसरी भोकै मरे भने त संसारमा कसैले पनि इमान र जमानको विश्वास गर्ने छैनन्। सत्य र धर्मको बदनाम हुने छ। सबै बेइमानी, धोका र असत्यको बाटो लाग्ने छन्। त्यसैले ती बुढाबुढीलाई मदत गर्नुपर्छ । यस्तो किसिमको सल्लाह गरेर इमान र जमान नाउँका ती देवताहरू ती नगर्चीलाई मदत गर्न पृथ्वीमा झरे । त्यस देशका राजा एक दिन खेततिर टहलिरहेका थिए । त्यसै बेला इमान र जमान त्यहाँ आइपुगे। उनीहरूले यिनै राजाबाट नगर्चीलाई मदत दिलाउनुपर्छ भन्ने आपसमा सल्लाह गरे ।

त्यतिबेला राजाका गोडामा विदेशी छालाको राम्रो र बलियो एक जोर जुत्ता थियो । इमानले एउटा फलामको



किलो बनेर त्यो जुत्ता छेडेर राजाको गोडामा घाउ पारिदिए। राजा रन्थनिएर दरबार फर्के र अनि त्यो बनाउने नगर्ची को हो भनेर खै खबर गरे । त्यो जुत्ता बनाउने एउटा त्यसै देशको बेइमान नगर्ची थियो । त्यसलाई पक्डेर सजाय दिए । राजा गोडाको घाउको तोडले उठ्नै नसक्ने गरी बिरामी परे । देशका कैयौँ वैद्य डाक्टरले औषधी गरे तर कसैले उनको घाउ निको पार्न सकेनन्। त्यस्तैमा एक दिन जमान राजाका सभामा वैद्य बनेर पुगे र उनले राजको ओखती गरेर घाउ निको पारिदिए। राजा खुसी भए। यही मौका पारेर जमानले राजासँग सोधे, “महाराज तपाइँ कस्तो जुत्ता लगाउनुहुन्छ ?” राजाका नोकरले ती विदेशी छालाको जुत्ता ल्याएर देखाए । त्यो देखेर जमानले बिन्ती गरे, “महाराजले यस्तो जुत्ता लगाउनु हुन्न । हजुरले त पानीले पनि नभिज्ने, घामले पनि नसुक्ने र भालाले पनि नछेड्ने जुत्ता लगाउनुपर्छ।”

जमानका कुरा सुनेर राजाले उत्तिखेरै पानीले पनि नभिज्ने, घामले पनि नसुक्ने र भालाले पनि नछेड्ने जुत्ता जसले बनाएर ल्याउन सक्ला त्यसलाई पचास हजार रुपियाँ इनाम दिइने छ भनेर सहरभरि झ्याली पिटाइदिए । यो झ्याली सुनेर सहरका सबै बेइमान नगर्चीहरूले ठग्ने मौका यही हो भन्ने विचार गरे। अनि उनीहरू आफ्ना नक्कली माल लिएर राजाकहाँ पुगे । तर राजाका साथमा जमान थिए, सबैको

जुत्ता उनी आफैँ जाँच्थे । आखिर सबै बेइमान नगर्चीहरूका जुत्ता नक्कली ठहरिए । उनीहरूले सजाय पाए ।

उता बुढा नगर्ची भने आफूबाट त्यो काम नहुने ठानेर त्यसै चुप लागेर बसेका थिए । त्यसै मौकामा इमान एउटा बुढो किसानको रूप लिएर उनी कहाँ पुगे । उनले भने, "तिमी किन काम नगरी चुप लागेर बसेका ? राजालाई चित्त बुझ्ने जुत्ता सिएर लान सके पचास हजार रुपियाँ इनाम दिन्छन् । अहिले आफ्नो भाग्य हेर्ने मौका छ ।"



तर इमानदार नगर्चीले मसँग छाला पनि छैन, म त्यस्तो जुत्ता बनाउन पनि सक्तिनँ भने । उनको कुरा सुनेर इमानले छाला किन्न म सापटी दिन्छु, त्यस्तो जुत्ता बनाउने औषधी पनि सिकाइदिन्छु, मेरो पैसाको सट्टा पछि एक जोर जुत्ता बनाएर मलाई दिनु भनेर हौस्याए । बुढा नगर्चीले पनि लौ हेरिहालौँ न त भनेर इमानले सिकाएबमोजिम जुत्ता बनाएर राजाकहाँ लगे । राजाका साथमा बसेका जमानले उनको त्यो जुत्ता राम्ररी जाँचे । साँच्चै नै त्यो जुत्ता अत्यन्त राम्रो र बलियो थियो । त्यसलाई घाम, पानी र काँडाले समेत छुन सक्तैनथ्यो । अनेक किसिमबाट जाँचेर ठिक ठहरिएपछि राजाले नगर्चीलाई पचास हजार रुपियाँ इनाम दिँदै भने, "तिमी एउटा इमानदार र काम जान्ने नगर्ची रहेछौ । अबदेखि मेरो लागि तिमीले नै जुत्ता सिउने गर्नू ।"

राजाबाट त्यति इनाम र काम पाएपछि ती नगर्चीले पनि चाहिने माल सामान किनेर पसल थापेर बसे । राजाको नगर्ची भएकाले र राम्रा राम्रा असल जुत्ता सिएर बेच्ने भएकाले उनको व्यापार खुब चल्न थाल्यो । बुढाबुढी आनन्दसँग बस्न थाले ।

# इमानदारीको जाँच



एक दिन राजा इन्द्रका दरबारमा असल मानिस र खराब मानिसका बारेमा कुरा चल्यो । कस्ता खालका मानिस असल र इमानदार हुन्छन् भन्ने कुराको छलफल हुँदा कसैले विद्वान् मानिस असल र इमानदार हुन्छ भने, कसैले होइन, केही नजान्ने सिधा साधा र सोझो खालको मानिस इमानदार र असल हुन्छ भने । कसैले धेरै पैसा भएको धनी मानिस नै इमादार हुन्छ भने, अनि कसैले धनी भएर मात्र हुँदैन दानधर्म र असल काम गर्ने मानिस नै असल हुन्छ भने । तर अर्को एक थरिले चाहिँ होइन बेइमानी गर्न डराउने र कसैको बिज्याइँ नगर्ने गरिब नै असल र इमानदार हुन्छ भने । कसैले ठुलो जातको मानिस असल र इमानदार हुन्छ भने कसैले होइन, सानो जातको मानिस । कोही पनि यही नै हुन्छ भनेर टुङ्गोमा आउन सकेनन् । अनि इन्द्रले इमानदारीको जाँच गर्ने फैसला गरे ।

यसरी इमानदारीको जाँच गर्न पहिले जङ्गलको माझमा एउटा गुफा बनाउन विश्वकर्मालाई खटाए । गुफा तयार भएपछि त्यसको सात ढोकामा सात किसिमको विषालु र मासु खाने जातका बाघ, सिंह, साँप, बिच्छी, अजिङ्गर, गोही, ब्वाँसोलाई पालो राखे । यति गरिसकेपछि सहर, गाउँ, जङ्गल र मैदान सबै ठाउँमा सुनिने गरी देउताले आकासवाणी गरे, "फलानो जङ्गलको गुफामा सुनको सात ढोकाभित्र सात थैलो असर्फी छ । यो असर्फी ईश्वरले पठाएको हो । जसलाई साँच्चै धनको खाँचो छ र जसले यसलाई राम्रा काममा खर्च गर्न सक्छ त्यसैले यो लिन जान् ।"

स्वर्गबाट भएको यस्तो आकासवाणी सुनेर गाउँ बस्ती, सहरका सारा मानिस गुफा अगाडि जम्मा भए । तर गुफाभित्र के छ ? कस्तो छ ? हम्मेसी भित्र जाने आँट कसैले गरेनन् । आखिरमा एक जना विद्वान् पण्डित अगाडि सरे । तर ढोकामा पुग्नासाथ भित्रबाट एउटा आवाजले सोध्यो, "पख ! तिमी को हौ ?"

"म यस सहरको विद्वान् ब्राह्मण हुँ ।"

"तिमीले धन पायौ भने के गर्छौ ?"

"दान, धर्म र ईश्वरको भक्ति हुने ठुला ठुला

काममा खर्च गर्छु ।"

"तिमी दुष्टसँग लड्न सक्छौ ?"

"झगडा गर्नु ब्राह्मणको धर्म होइन ।"

"यस गुफाको सात ढोकामा सात किसिमका दुष्ट र जङ्गली जनावर छन्, उनीहरूबाट कसरी जोगिन्छौ त ?"

जङ्गली जनावरको कुरा सुन्नासाथ पण्डितको हंसले ठाउँ छोड्यो । भो बाबा बरु धन चाहिएन भनेर उनी फर्के ।

त्यसै गरी त्यहाँ अनेक मानिसहरू गुफाभित्रको धन लिन कस्सिए । धनी पनि कस्सिए, गरिब पनि कस्सिए । अनि हिन्दु पनि कस्सिए, मुसलमान पनि कस्सिए । तर साँप, बिच्छी र सिंह ब्वाँसोको नाम सुन्नासाथ सबैको सातो गयो । कसैले पनि अघि बढ्ने आँट गरेनन् । आखिरमा एउटा मानिस जान तम्स्यो । ऊ गुफाको ढोकामा उभियो । भित्रबाट आवाजले सोध्यो, "पख ! तिमी को हौ ?"

"म मानिस हुँ ।" उसले जवाफ दियो ।

"हिन्दु कि मुसलमान ?" आवाजले सोध्यो ।

"त्यो त मलाई थाहा छैन । हिन्दुको घरमा जन्मेँ, मुसलमानको घरमा हुर्केँ, इसाईको घरमा बढेँ, पालिएँ । मेरो जात के हो मलाई थाहा छैन ।" उसले भन्यो, "यति थाहा छ, म मान्छे हुँ र मलाई बाँच्नका लागि धनको खाँचो छ ।"





"तिमी आफूलाई असल ठान्छौ कि खराब ? इमानदार ठान्छौ कि बेइमान ?" आवाजले सोध्यो ।

"त्यो त मलाई थाहा छैन । भोक लागेर अत्यन्तै छटपटी भएको बेलामा अन्न हुनेसँग अन्न खोसेर पनि खान्छु । आफूसँग भएको बेला नहुनेलाई दिन्छु । तर मैले असल गरेँ कि खराब यो मैले सोचेको छैन ।" उसले भन्यो ।

"तिमी धन पाए के गर्छौ ?" आवाजले सोध्यो ।

"धन के कामका लागि हुन्छ ? जुन बेलामा जे पर्ला त्यही गर्छु !" उसले जवाफ दियो ।

"गुफाको ढोकामा साँप, बिच्छीहरू छन् । धर्मात्मा र इमानदारले मात्र उनीहरूलाई जित्न सक्छ । तिमी उनीहरूलाई जितेर भित्र पस्न सक्छौ ?" आवाजले सोध्यो ।

"म धर्मात्मा छु कि पापी, मलाई थाहा छैन । तर मलाई धनको खाँचो छ । त्यसैले म जान्छु । बाटामा जे आइपर्ला त्यससँग लड्नुपर्ला । यही मैले सिकेको छु ।"

यति भनेर त्यो मानिस सरासर भित्र पस्यो । उसको छाँया पर्नेबित्तिकै पालो राखेका जनावरहरू पग्लेर गए । उसले भित्रबाट असर्फी ल्यायो र त्यसैबाट धेरै गरिबहरूको सेवा पनि गऱ्यो । ठाउँ ठाउँमा स्कुल, अस्पताल, कारखानाहरू खोल्यो । धेरै मान्छेलाई काम दिलायो । जिन्दगी गुजाऱ्यो । इन्द्रको दरबारमा त्यही मानिस सच्चा र इमानदार ठहरियो ।

# सङ्गत गुनको बुद्धि

एउटा अनकन्टार जङ्गलको गुफामा एउटा डरलाग्दो सिंह बस्थ्यो । उसको डरले त्यो जङ्गलको नजिक कुनै पनि प्राणी टाउको उठाएर बाँच्न सक्तैनथे ।

त्यस सिंहका एउटा सुगा र अर्को हाँस गरी दुई मन्त्रीहरू थिए । यी दुइटा पक्षी निकै बुद्धिमान थिए । यिनै दुइटाको बुद्धि र विवेकले गर्दा सिंहले त्यस जङ्गलमा बडो राम्ररी राज्य जमाएको थियो । त्यस जङ्गलका सबै जनावरहरू ऊदेखि डराउँथे तर उसको आदर पनि गर्थे ।

त्यसै जङ्गल नजिकैको गाउँमा एउटा बाहुनका श्रीमान् श्रीमती बस्थे । उनीहरू ज्यादै गरिब थिए । गरिबीको कारणले श्रीमान् श्रीमतीमा रातदिन झगडा मात्र परिरहन्थ्यो । यस कारण बाहुन सारै दिग्दार र दुखी रहन्थे । यही झगडा र दुखको तोडमा एक दिन बाहुन आत्महत्या गर्न भनेर डोरी र चुपी लिएर जङ्गलभित्र पसे । जाँदा जाँदा जङ्गलको बिचमा पुगेपछि उनले त्यही सिंहको गुफा देखे । झुन्डिएर अथवा सेरिएर मर्नुसट्टा त यही सिंहको मुखमा परेर मर्नु वेश छ भन्ने सोचेर उनी सरासर सिंहको गुफातिर बढे ।

उता गुफाको ढोकामा बसेका सिंहका मन्त्री हाँस र सुगाले बाहुनलाई देखे । उनीहरू स्वभावैले दयालु र कलिलो मन भएका थिए । एउटा निरपराध बाहुनलाई त्यसरी सरासर सिंहको मुखमा आउन लागेको देखेर उनीहरूका मनमा उसमाथि दया उठ्यो ।

अब यो बाहुनलाई हाम्रा राजाले देखे भने अवश्य नै नमारी छोड्दैनन् । यसरी एउटा निर्दोष बाहुनको ज्यान जान्छ । हाम्रा राजालाई मफतमा एउटा गरिबको हत्या गरेको पाप पनि लाग्छ । अब कसरी यो बाहुनलाई बचाउने ? यस्तै कुरा दुवै जना चिन्ता गर्न थाले । निकैबेर सल्लाह गरेपछि उनीहरूले आखिर एउटा जुक्ति निकाले । अनि दुवै जना बिस्तारै सिंहको अगाडि गएर हात जोडेर उभिए ।

यसरी आफ्ना मन्त्रीहरूलाई हात जोडेर अगाडि उभिएका देखेर सिंहले सोध्यो, "के हो ? तिमीहरू के भन्न आयौ ?"



तिमीहरूलाई के कष्ट पर्‍यो ?" सिंहको कुरा सुनेर सुगाले अगाडि बढेर भन्यो, "महाराज, हजुरको प्रतापले हामीलाई कुनै कुराको दुःख, पिर छैन । तर महाराज ! एउटा कुरा बिन्ती गरौँ भनेर अगाडि परेका हौँ । यस जङ्गलमा धेरै दिनदेखि गुरुको दर्शन पाइएको थिएन । आज अकस्मात् दया गरेर गुरु यतै पाल्नुभएछ । यसरी गुरुको दर्शन पाउनु, उहाँको स्वागत सम्मान गर्न पाउनु हाम्रो अहोभाग्य हो । महाराजको जो हुकुम !"



मन्त्रीको मुखबाट यसरी अकस्मात् गुरु आएको समाचार सुनेर सिंहराज खुसी भयो । उसले, लौ खुब स्वागत सम्मान गरेर गुरुलाई ल्याऊ भनेर हुकुम दियो ।

अनि ती बुद्धिमान् मन्त्रीहरूले बाहुनलाई टाढैदेखि सम्मान गर्दै सिंहको गुफामा ल्याए । बाहुन आत्महत्या गर्न भनेर सिंहको अगाडि आएका त सिंहले झम्टनुको सट्टा झन् गोडामा परेर सम्मान पो गर्‍यो । यो देखेर बाहुन जिल्ल परे ।

सिंहले बाहुनलाई खुब सम्मान गरेर गुफामा लग्यो । बाहुनको पूजा गरेर चार पाँच दिन खुब सम्मान साथ त्यहाँ राख्यो । अनि सुगा र हाँसको सल्लाहले धेरै सुन, चाँदी दिएर उनलाई बिदा गरी पठायो । मर्न आएका बाहुन यसरी धन दौलत पाउँदा सारै खुसी भए ।



बाहुनले घर आएर सबै कुरा बताउँदै धन सम्पत्ति श्रीमतीलाई सुम्पिदिए । श्रीमती पनि यसरी धन सम्पत्ति पाएर बडो खुसी भइन् । त्यस दिनदेखि उनका घरमा झगडा कलह सबै बन्द भए । उनीहरू आनन्दसँग बसे ।

रहँदा बस्दा सबै धन बिस्तारै सकियो। अब फेरि झगडा र कचिङ्गल बढ्न थाल्यो। यो देखेर बाहुनले फेरि सिंहकहाँबाट धन ल्याउने विचार गरे । उनी श्रीमतीसँग सल्लाह गरेर जङ्गलतिर हिंडे ।



उता यसैबिचमा सिंहका पुराना मन्त्रीहरू सुगा र हाँस मरिसकेका थिए । उनीहरूका ठाउँमा एउटा छट्टु स्याल मन्त्री भएको थियो । एउटा बाहुनलाई सरासर सिंहको गुफातिर आउन लागेको देखेर धेरै दिनदेखि मासु खान नपाएको त्यस स्यालको मुख  रसाएर आयो। तर सिंह पहिलेका मन्त्रीहरूको प्रभावले बडो सज्जन स्वाभावको थियो । त्यसैले यो



बाहुनलाई मार्दैन कि भन्ने उसको मनमा शङ्का उठ्यो ।

स्यालले झटपट सिंहको अगाडि गएर भन्यो, “महाराज आज भाग्यले एउटा मानिस यतै आउँदै छ  यी मानिसहरूले महाराजको राज्यका जनावरहरूलाई सारै दुख दिएका छन् । त्यसैले यिनलाई दया गर्नुहुन्न । त्यसलाई मारेर महाराजको ज्यूनार तयार गर्नुपर्छ ।”

स्यालको अर्ति सुनेर सिंह पनि बाहुनलाई मार्ने भनेर तयार भयो । बाहुन सिंहबाट धन पाउने आशाले सरासर गुफामा गए। उनी नडराईकन “आशीर्वाद महाराज” भन्दै सिंहको अगाडि उभिए। तर सिंहले स्वागत गर्नुको सट्टा आशीर्वादको जमाना गयो भन्दै एकै झम्टामा बाहुनको जिन्दगी खतम पारिदियो।

# कोसिस

एउटा सहरमा मनोहर नाम भएको केटो थियो । ऊ ज्यादै सुशील, बुद्धिमान् र मिहिनेती थियो । आठौँ कक्षासम्म ऊ खुबै राम्रोसँग पास हुँदै गयो । तर नवौँ कक्षामा पुगेपछि ऊ फेल भयो । एकपटक फेल भएपछि उसको मन अलि निराश भयो र त्यसपछि ऊ बारबार फेल हुन थाल्यो ।

यसरी पटकैपिच्छे फेल भएको देखेर उसका साथीहरूले उसलाई बुद्धु भनेर हेला गर्न थाले । उसलाई घाँस खाने गोरु भनेर हाँ हाँ गर्न थाले । यति मात्र होइन, अहिलेसम्म एक ज्यान झैँ मिलेर बसेका साथीभाइहरू पनि अलिअलि गर्दै उसबाट परपर हुन थाले । बिचरा मनोहर यी सब कुराबाट झन् निराश हुन्थ्यो उतिउति उसको जाँगर, उत्साह र मन पनि मर्दै जान्थ्यो र ऊ झन्झन् नराम्रो अङ्क ल्याएर फेल हुन्थ्यो । ऊ अब एकान्तमा घोरिएर बस्न थाल्यो । ऊ कसैसँग हिँड्डुल र बसउठ नगर्ने भयो । उसलाई कसैसँग बोलचाल गर्न पनि मन हुँदैनथ्यो । अन्त्यमा उसले पढाइ पनि छोडिदियो ।

छोराको हालत बिग्रँदै गएको देखेर मनोहरका बाबुले पनि उसको वास्ता गर्न छाडे ।

ऊ कहाँ जान्छ, के खान्छ कुनै कुराको पनि हेरविचार गर्दैनथे, बरु बातबातमा गाली र हेला मात्र गर्न थाले । त्यस कारणले मनोहरलाई सारै दुःख लाग्न थाल्यो । ऊ एकान्तमा बसेर रुने गर्न थाल्यो । तर उसको वेदना कसैले बुझिदिएन ।

हुँदा हुँदा मनोहरको मनको दशा ज्यादै खराब भयो । अब उसलाई आफ्नो जीवन नै भारी जस्तो लाग्न थाल्यो । म केही काम गर्न सक्तिनँ । मेरो जिन्दगी मासु र हाडको थुप्रो मात्र हो, यस्तो कुनै काम नलाग्ने जिन्दगीलाई साँचेर के काम ? यो त आफ्नो र अरूका लागि पनि एउटा भारी मात्र हो, मैले बाँचेर के गर्नु ? बरु मरिदिएँ भने त बाबु आमालाई हाइसन्चो हुने थियो, मलाई पनि रातदिन यो हेला र अपमान त सहनुपर्दैनथ्यो, बरु जान्छु मर्न ।





यस्तो विचार गरेर मनोहर एक दिन कसैले सुइँको नपाउने गरी जङ्गलतिर हिंड्यो । भोक तिर्खा सबै खपेर ऊ तिन दिन तिन रातसम्म हिंडिरह्यो । तर कहाँ जाने, कहाँ गएर सजिलोसँग मर्ने ? यो कुराको टुङ्गो उसले लाउन सकेन । खालि हिंडिरह्यो, हिंडिरह्यो ।

हिंड्दा हिंड्दा एक दिन दिउँसो ऊ एउटा अनकन्टार जङ्गलमा पुग्यो । यसो हेर्दा आत्महत्या गर्न सबै कुराबाट यो ठाउँ नै बेस ठहरियो । तर उसलाई ज्यादै गर्मी भएकाले आत्महत्या गर्नुभन्दा पहिले उसले एकछिन कतै शीतलमा पल्टेर थकाइ मार्ने विचार गऱ्यो । चारैतिर हेर्दा जङ्गलको माझमा एउटा गुफाजस्तो देख्यो । त्यसै गुफामा एकछिन थकाइ मारेर आत्महत्या गरौँला भन्ने सुरले ऊ गुफामा गएर पल्ट्यो ।

त्यत्तिकैमा उसका आँखा घुम्दै गएर उत्तरतिरको भित्तामा अडिए । त्यो भित्तामा एउटा माउसुली बिस्तार बिस्तार माथि चढ्न लागेको थियो । तर माथि पुग्न नपाउँदै त्यो बिचैबाट तल खस्यो । तर त्यो फेरि भित्तामा चढ्न थाल्यो । यसपटक पनि अघिभन्दा अलिकति माथिसम्म पुगेर त्यो भुइँमा खस्यो । यति हुँदा पनि उसले भित्तामा चढ्न छोडेन । यसैगरी छ, सात पटकसम्म त्यो माउसुली भित्तामा चढ्न खोज्यो, तर नसकेर खस्यो । आखिर आठौँ पटकमा त्यो भित्तामा चढी छोड्यो ।

यो सबै घटनालाई एकटकसँग हेरिरहेको



मनोहरको मनमा अकस्मात् एउटा विचार आयो, 'धत्तेरिका जाबो त्यो सानो माउसुली किरोले त छ, सात पटक असफल भएर पनि हिम्मत हारेन र आखिर त्यसले आँटेको कुरा गरिछाड्यो भने म त मानिस । ए ! दुई चार पटक असफल हुँदैमा यसरी निराश भएर मर्न तम्सिएँ ! हरे ! म कति मूर्ख र लाछी रहेछु। धिक्कार होस् मेरो बुद्धिलाई ! म अब फर्कन्छु । जति पटक असफल हुनुपरे पनि म कोसिस छोड्दिनँ । एक न एक पटक त कसरी सफल नहोइएला ए !'

यति विचार गरेर मनोहर गुफाबाट निस्क्यो । ऊ घर आयो । अनि बडो मन लगाएर पढ्न थाल्यो । चलाक, मिहिनेती र बुद्धिमान् त ऊ छँदै थियो, त्यसैले एकै पटकको मिहिनेतमा ऊ पहिलो श्रेणीमा सफल भयो । उसको यस्तो मिहिनेत र लगन देखेर पहिले हेला गर्ने साथीहरू पनि अब उसको मान गर्न थाले । बाबुआमाले पनि उसलाई माया गर्न थाले। अनि गुरुहरू पनि उदेखि धेरै खुसी भए ।

# दुधको दुध, पानीको पानी

काठमाडौँ सहरबाट पूर्वपट्टि भैँमाल भन्ने एउटा गाउँ थियो। त्यहाँका मानिसहरू धेरै जसो भैँसी पालेर दुधको व्यापार गर्थे। स्वास्नी मानिसहरू बालाजु, विष्णुमतीको फाँट सामाखुसी, लैनचौरसम्म पुगेर घाँसका भारीका भारी ओसार्ने गर्थे। यसरी त्यहाँका मानिसहरू आफ्नो जीविका चलाउँथे। त्यसैले पहिले दुध बेच्ने पेसा भएका मानिसलाई भैँमाले भन्ने पनि चलन थियो।

त त्यही भैँमाले गाउँमा उहिले एक जना हरिभजन भन्ने मानिस थियो। उसका धेरै भैँसी थिए। यिनै भैँसीको दुध बेचेर उसले आफ्नो जीविका चलाएको थियो। हरिभजनको व्यापार निकै टाढा सहरसम्म पनि फैलिएको थियो। धेरैजसो मानिसहरू उसको दुध किन्न मन पराउँथे। किनभने ऊ निकै सोझो र इमानदार थियो। दुधमा पानी नमिसाई चोखो र शुद्ध दुध बेच्नेमा उसको नाम कहलिएको थियो। त्यसैले ठुला ठुला मानिसहरू पनि उसका ग्राहक थिए।

एक दिन हरिभजनका घरका जहानहरू बिरामी भए। भैँसीलाई घाँस काटेर हाल्ने पनि कोही भएनन्। त्यसमाथि झन् पिठो पनि सिद्धिएको मौका परेकाले भैँसी त्यस दिन भोकै पऱ्यो। यसको फल के भयो भने भोलिपल्ट भैँसीले दुध कम्ती दियो। अब कसरी सबै ग्राहकलाई दुध पुऱ्याउने ? यही चिन्ताले हरिभजनलाई सतायो। तर जे होस् पुग्नेसम्म त पुऱ्याउनै पर्छ भन्ने विचार गरेर ऊ दुधको भाँडो बोकेर सहरतिर हिंड्यो।

उसको घरबाट सहर जाँदा पशुपति वा गुहेश्वरी भएर जानुपर्थ्यो। बाटामा बागमती तर्नुपर्ने भएकाले हरिभजन मनमा अनेक कुरा खेलाउँदै बागमतीको पुलमा पुग्यो। पुल तर्न लाग्दा बागमतीको पानी देखेर उसको मनमा झ्वाट्ट एउटा विचार उठ्यो। उसकै गाउँका अरू मानिसहरू दुधमा आधि पानी मिसाएर बेच्छन्। उसले आजसम्म त्यस्तो पाप गरेको छैन। तर





दुधको पैसा त चोखो नाफा, यसमा उसलाई पाप पनि त के छ र ? भैँसी पाल्न त्यसै हुँदैन । उसका परिवारले आधा र रातदेखि उठेर बालाजु बालाजुसम्म पुगेर घाँसका भारी खेप्नुपर्छ । ती बसी बसी खाने, दुख नगर्ने भलाद्मीहरूलाई यसको दुख के थाहा । यिनलाई यत्ति ठगेर के पाप लाग्ला त ?

यस्तो विचार गरेर हरिभजनले दुधमा आधि पानी मिसाउन थाल्यो । ऊ सधैँभरि एक पाथी दुध छ भने एकै पाथी पानी हालेर दुई पाथी बनाउँथ्यो र ग्राहकहरू कहाँ लगेर दिन्थ्यो । बिचरा ग्राहकलाई हरिभजनको इमानदारीमा पुरा विश्वास थियो । उनीहरू शङ्का नगरी दुध लिन्थे । त्यति मात्र होइन, अब त दुध धेरै भएकाले अरू ग्राहक पनि धमाधम बढ्न थाले । यसरी थोरै दिनमा नै हरिभजनका प्रशस्त आसामी भए ।

आज यो अप्ठ्यारो परेको बेलामा यतिका दुधमा अलिकति पानी मिसाएर त के फरक पर्ला र ? दुधको सेतो रङ्गले जितिहाल्छ । आज एकदिन हेरिहालौँ न त ।

यति विचार मनमा उठ्नासाथ हरिभजन भित्रभित्रै आफ्नो अक्कलमा खुसी भयो । उसले झटपट खाली भाँडामा बागमतीको पानी भरेर उसले सबै ग्राहक कहाँ दुध पुऱ्यायो । हरिभजन इमानदार छ भन्ने परेकाले दुधमा आएको फरकमा कसैले ख्याल पनि गरेनन् । तर यसबाट हरिभजनको मनमा पैसा कमाउने लोभ बढ्यो । आधि दुधमा पानी मिसाएर कसैले थाहा पनि नपाउने, अनि आधि

चानचुन पैसा लिँदा दिँदा आए गएको त्यति हरहिसाब नरहने हुनाले हरिभजनले दुधको पैसा महिना महिनामा मात्र उठाउने गरेको थियो । महिना दिनसम्म दुध बेच्यो, महिना पुगेपछि एकैचोटी डक्क पैसा उठाएर खुसी हुँदै ऊ घर फर्कन्थ्यो । एक दिन महिना पुगेपछि यसै गरी सबै दुधका आसामीसँग पैसा उठाएर एउटा थैलीमा

पोको पारेर ऊ घर फर्कदै थियो। गर्मीको महिना थियो। उसले बिहानदेखि खाएको पनि थिएन । त्यसैले बागमतीको सङ्लो र ठन्डा पानी देखेर उसलाई नुहाऊँ नुहाऊँ लाग्यो । ऊ झटपट लुगा फुकालेर बागमतीको किनारमा राखेर बागमतीमा पस्यो । शीतल पानी, गर्मीको बेला, उसलाई खुब आनन्द लाग्यो र ढलिमली गर्दै आधा घण्टासम्म उसले मज्जासँग नुहायो ।



नुहाई सकेर हरिभजन किनारामा आयो । लुगा लगाउन खोज्दा त अरू सबै लुगा छन् तर पैसाको पोको छैन, ऊ छानाबाट खसेजस्तो भयो। आतसले यता र उता हेर्दा उसका आँखा किनाराको एउटा देवलको गजुरमा पुग्यो । लौ, देवलको गजुरमा त एउटा बानरले पो उसको रुपियाँको पोको लिएर बसिरहेको यो देखेर उसले अनेक जुक्तिसँग त्यो रुपियाँको पोको माग्न थाल्यो । तर बानरले उसलाई रुपियाँको पोको दिएन, बरु रुपियाँको पोको खोलेर एक एक रुपियाँ झिक्तै एकपटक पाखामा र अर्कोपटक पानीमा फाल्न थाल्यो। यसरी केही बेरमा नै त्यो बानरले हरिभजनको आधि रुपियाँ बागमतीमा फालिदियो । आफ्नो रुपियाँ यसरी नास भएको देखेर हरिभजन छाती पिटिपिटी रुन थाल्यो ।

त्यहाँ मानिस जम्मा भएर के कसो भनेर खोजीनिती गर्नथाले । हरिभजनले रुँदै सबै घटना बतायो । यो सुनेर जम्मा भएका भलादमीहरूले भने, “बानरले ठिकै निसाफ गरेछ । तैँले आदि पैसा बागमतीको पानी मिसाएर कमाएको थिइस्। बानरले जसको पैसा हो उनैलाई फर्काइदियो। तैँले रुनु व्यर्थ छ । तैँले जस्तो रोपिस्, त्यस्तै पाइस् ।” मानिसहरूको कुरा सुनेर हरिभजन आफ्नो लोभमा पछुताउँदै घर फर्क्यो ।

# मानिसको धर्म

पशुपतिको मन्दिरको वरिपरि एउटा साधु जस्तो मानिस बराबर देखिन्थ्यो । मानिसहरू उसलाई बौलाहा नै सम्झन्थे । किनभने उसको लुगा झुत्रो हुन्थ्यो, कपाल लट्टै लट्टा परेको, रुखो र जिङ्ग्रिङ्ग हुन्थ्यो । हातगोडाका नङहरू लामालामा र फोहोर हुन्थे ।

तर ऊ साधु नै भए पनि कसैसँग मागेर खाँदैनथ्यो । कसैसँग बोल्दा पनि बोल्दैनथ्यो । कहिलेकाहीँ पशुपतिमा धर्म कमाउन आएका पुरुष महिलाका रङ्गीचङ्गी चित्र विचित्र भिडलाई हेरेर नाक, आँखा र मुख



बङ्ग्याउँथ्यो र पशुपतिनाथको गजुरतिर हेरेर विचित्रसँग हाँस्थ्यो । अनि के के के के बड्बडाउँदै एकातिर हिँड्थ्यो ।

एक दिन त्यो बौलाहा जस्तो मानिस आर्यघाटको सिँढीमा बसेर पानीसँग खेलिरहेको थियो । त्यस बेला उसले बागमतीमा एउटा बिच्छी किरो बग्दै आएको देख्यो । त्यो किरो किनारा लाग्न छटपटाइरहेको थियो ।

एउटा किरोलाई मर्न आँटेको देखेर साधुले त्यसलाई पानीबाट हत्केलामा उतार्‍यो । बिच्छी पानीबाट उसको हत्केलामा चढ्यो । तर हत्केलामा चढ्नासाथ आफ्नो स्वभावअनुसार त्यसले उसलाई डसिदियो । मानिसको हातबाट भलभल रगत बग्न थाल्यो । उसले बिच्छीलाई झट्कारेर पर फालिदियो र अर्को हातले हत्केला समातेर रगत रोक्ने कोसिस गर्‍यो ।

नजिकैको अर्को सिँढीमा बसेर मुख धुन लागेको अर्को मानिसले यो सबै कुरा देखिरहेको थियो । साधुलाई त्यसरी घाइते भएको देखेर उसलाई दया लाग्यो ।

तर साधुको बिच्छी बचाउने काम देखेर उसलाई अनौठो पनि लाग्यो । उसले साधुको नजिकै आएर सोध्यो, "होइन, त्यो किरो बिच्छी हो र त्यसले मान्छेलाई टोक्छ भन्ने तिमीलाई थाहा थिएन ।"

"थाहा थियो" साधुले भन्यो ।

"अनि डस्छ भन्ने जानी जानी तिमीले त्यसलाई किन पानीबाट उतारेको त ?" मानिसले सोध्यो ।

"किनभने त्यो पानीमा डुबेर मर्न लागेको थियो" साधुले भन्यो ।

"तर बिच्छी मानिसको शत्रु हो, उसले मौका पायो कि डस्छ भन्ने जानी जानी त्यसलाई बचाउनु बुद्धिमानी हो त ?" त्यो मानिसले सोध्यो ।

"कोही कसैको शत्रु छैन," साधुले भन्यो । "मेरो धर्म मर्न लागेकालाई बचाउनु हो ।" "के मानिसको धर्म बचाउनु होइन र ?"

"त्यो त हो, तर....." सोध्ने मानिस अकमकियो । त्यो देखेर त्यो साधु हाँस्यो । अनि गम्भीर भएर भन्यो, "यसमा तरको कुरै छैन । हेर संसारमा जन्मेपछि सबै मानिसले आफ्नो धर्मअनुसार काम गर्नुपर्छ । म मानिस भएर जन्मेँ । मेरो धर्म आपत्मा परेकालाई बचाउनु हो । त्यसैले मैले त्यस किरालाई बचाएँ । तर त्यो बिच्छी भएर जन्म्यो । उसको स्वभाव मान्छेलाई डस्नु हो । त्यसैले उसले मलाई डस्यो । ल भन, यसमा के अनौठो भयो ? जसरी त्यस किराले मर्न लाग्दा पनि आफ्नो स्वभाव छोडेन र आफ्नो धर्म जनायो, त्यसैगरी



मैले पनि आफ्नो धर्म पालन गरेँ । त्यसले टोक्छ भनेर म आफ्नो धर्म छोडौँ ?"

यति भनेर त्यो साधु हाँस्तै हाँस्तै बुढी औँलाले हत्केलाको घाउ दबाउँदै सिँढी उक्लेर मन्दिरतिर गयो । त्यो भलाद्मी र अरू घाटमा भएका मानिसहरू जिल्ल परेर उसलाई हेरिरहे ।

꧁ ꧂

# नदेखिने कपडा



म तिमीहरूलाई आज एउटा कथा सुनाउँछु। यो कथा मैले केटाकेटीमा पढेको हुँ।

यो एउटा मूर्ख राजाको कथा हो। ऊ राम्रा र भला कुराभन्दा आफ्नो तारिफ र प्रशंसाका कुरा मात्र सुन्न रुचाउँथ्यो। उसले आफ्नो स्तुति गाउँथ्यो त्यसलाई धन सम्पत्ति, जग्गा जमिन, मान पदवी र तकमा पदक दिन्थ्यो। जसले भलो हुने सत्य कुरा भन्थ्यो त्यसलाई चाहिँ झुन्ड्याउने, मार्ने, जेल हाल्ने, देशबाट निकाल्ने आदि गर्थ्यो। त्यसैले उसका भाइ भारदार र मन्त्रीहरू सबै झुटा, खुसामती भएका थिए। सबै जना उसलाई खुसी पार्ने, रिझाउने कुरा मात्र गर्थे, भलो हुने र राम्रा कुरा गर्दैनथे। कतिसम्म भने उनीहरू उसलाई हजुरभन्दा ठुलो ईश्वर पनि छैन, हजुर नै पृथ्वीमा औतार लिएका भगवान् हुनुहुन्छ भन्थे।

यसरी मतलबी खुसामती मन्त्री भारदारका यस्ता रातदिनका झुटा प्रशंसा र चाकडीले गर्दा राजाको बुद्धि झन्झन् भ्रष्ट हुँदै गयो। ऊ म साँच्चै ईश्वर नै हुँ भन्ने ठानेर रातदिन जनताबाट पूजा र स्तुति गराउन लाउँथ्यो। जनता पनि कोही लोभले र कोही डरले गर्दा बिस्तारै मतलबी र खुसामती बन्दै गएका थिए। उनीहरू जे भन्दा र गर्दा राजा खुसी हुन्छन्, त्यही गर्न थालेका थिए।

एकपल्ट त्यस मूर्ख राजाको मनमा म संसारमा सबैभन्दा ठुला, ईश्वर हुँ, त्यसैले मैले लगाउने पोसाक पनि कसैले नलाएको जस्तो लाउनुपर्छ भन्ने लागे छ। त्यस्तो मनमा पर्नासाथ उसले झ्याली पिटाउन लगाए छ। हाम्रा राजा सबैभन्दा ठुला भएकाले राजाका लागि कसैले नलाएको, कसैले नदेखेको पोसाकको आवश्यकता परेको छ। त्यस्तो पोसाक तयार गरी ल्याउनेलाई धन दौलतले छेलोखेलो गराइने छ। तर त्यस्तो अमूल्य र संसारमा नभएको पोसाक कसले तयार गर्ने ?... कसैले पनि म


सक्छु भनेर अगि सरेन। अनि यो कुराको झ्याली विदेशमा पनि पिटाइयो।

छिमेकी देशमा एउटा बडो चङ्ख जुलाहा (लुगा बुन्ने मानिस) थियो। उसले पनि राजाको झ्याली सुन्यो। उसले मूर्ख राजालाई ठग्ने मौका यही हो भन्ने विचार गऱ्यो। अनि ऊ त्यस राजासामु आएर हात जोडेर भन्यो, "सरकार ! हजुरको मनमाफिकको पोसाक म तयार गर्न सक्छु। तर सरकारले मैले भने भने जस्तो सामान झिकाइबक्सनुपर्छ।"

"लौ यो मानिसले जे जे भन्छ त्यही त्यही सामान झिकाइदिनु, खर्चको विचार नगर्नु" भनेर राजाले आफ्ना मन्त्रीहरूलाई अराए। मन्त्रीहरूले पनि देशको सम्पूर्ण ढुकुटी रित्याएर जुलाहाले भने भने जस्ता सामान झिकाइदिए। अनि जुलाहालाई दरबारकै एउटा कोठामा बसेर काम गर्नु भनी अराएर एउटा कोठा दिए।

अब जुलाहा दरबारको त्यही कोठामा बसेर महिना दिनसम्म यो चाहियो र त्यो चाहियो भन्दै करोडौँको सम्पत्ति धुत्दै आफ्नो घर विदेश पठाउन थाल्यो। महिना दिनपछि उसले राजालाई खबर पठायो, "महाराज ! पोसाक तयार भयो। हेर्न सवारी होस्।"

राजा खुसी भएर आफ्ना मुख्य मुख्य भारदार, रानी र मन्त्रीहरूसँगै जुलाहाको



कोठातिर गए । तर कोठमा पस्नुअघि नै जुलाहाले हात जोडेर बिन्ती चढायो, “सरकार ! पोसाक नजर हुनुभन्दा पहिले एउटा कुरामा विचार हुनुपर्छ ।”

“के कुरा ?” राजाले सोधे ।

“महाराज ! त्यो लुगाको महत्त्व देख्नमा मात्र छैन बरु यसले मूर्ख र आफ्नो काममा अयोग्य मानिसलाई चिन्न पनि सहयोग गर्छ । किनभने मूर्ख र अयोग्य मानिसले यो लुगा देख्न सक्दैनन्। जुलाहाले बडो नम्र भएर भन्यो ।

“ठिक छ ।” राजाले भने, अनि सबैका साथमा कोठाभित्र पसे । कोठाको एकाछेउमा एउटा लुगा बुन्ने तान थियो । तान खाली थियो । कोठामा लुगा कतै थिएन । जुलाहाले त्यही एउटा टेबुलतिर देखाउँदै भन्यो “महाराज !... नजर होस् त, यस्तो पोसाक संसारमा कसैले तयार गर्न सक्दैन । मैले मात्र तयार गरेको छु ।... म



सरकारलाई आफ्नै हातले पहिऱ्याउँछु ।”

राजाले रित्तो तान र रित्तो टेबुलबाहेक पोसाक कतै देखेनन् । तर उसले आफू मूर्ख र अयोग्य होइन्छ भनिने डरले गर्दा देखिनँ भन्न सकेनन् । उनले भारदार मन्त्रीहरूतिर हेरे । भारदार, मन्त्रीहरू त खुसामती छँदै थिए, उनीहरूले पनि सच्चा कुरा भनेनन् किनभने देखिन भन्दा आफू मूर्ख पनि ठहरिने र राजा पनि रिसाउने । ती भारदारले आफ्नो मूर्खता ढाक्नका लागि भने, “हो सरकार यस्तो पोसाक त हामीले सपनामा पनि देखेका थिएनौँ ....कस्तो अद्भुत पोसाक !”

जुलाहाले अगाडि सरेर राजालाई बिन्ती चढायो, “सरकार ! अब सरकारबाट सबै पोसाक उतारिबक्सेर एउटा कट्टु मात्र पहिरिबक्योस्। म सरकारलाई दैवी पोसाक पहिऱ्याउँछु ।”

जुलाहाको कुरा टुङ्गिनासाथ बैठकेले राजाको आङका लुगा उतारेर कट्टु मात्र छोडिदियो। जुलाहाले टेबुलबाट लुगा झिकेजस्तो गरेर राजालाई लगाइदिए जस्तो गऱ्यो । अनि उसले हात जोडेर भन्यो, “महाराज ! ...... अहा ! क्या सुहाएको ! साक्षात् देउताका राजा इन्द्र जस्तै। अब सरकारबाट यही पोसाकमा सहर घुमेर देशबासीलाई दर्शन बक्सनुपर्छ।”

राजा के भनोस् ! पोसाक आफूले देखेको होइन, तर सबैले एकै स्वरले भन्छन् पोसाक निक्कै राम्रो छ। अनि उसलाई पनि लाग्यो

उसले राम्रो पोसाक लाएको छ । त्यसैले उसले प्रजाहरूलाई दर्शन दिनुपर्छ ।

राजा आफ्नो नयाँ र अनौठो पोसाकमा रैती दुनियाँलाई दर्शन दिन सारा लावालस्कर र सवारी मन्त्री, अरू भाइ भारदार पछि लाएर घोडामा चढेर निस्क्यो । त्यसै मौका पारेर छट्टु जुलाहा सम्पत्ति लिएर भाग्यो । राजा अनौठो पोसाकमा निस्केका छन् भन्ने सुनेर मानिसहरू तँछाड मछाड गर्दै, धक्का र मुक्की गर्दै सकेसम्म राम्रो ठाउँ रोजेर उभिएका थिए । बलियाहरू सडकमा दायाँबायाँ उभिएका थिए भने बुढाखाडा, निर्धा, दुब्ला आइमाई केटाकेटी पनि बलियाले छोडेको ठाउँमा एकछेउ लागेर उभिएका थिए ।

राजा सर्वाङ्ग नाङ्गो, एउटा कट्टु र राजमुकुट मात्र लाएर घोडामा सहर बजारमा निस्क्यो । उसको अद्भुत नाङ्गो रूप देखेर सारा प्रजाजन आश्चर्यले हेर्न थाले । तर मूर्ख भइने डरले राजालाई नाङ्गो भनेर कसैले भन्न सकेनन् । मनमनमा भने गिल्ला गरेर ताली बजाए । तर राजाले गिल्ला गरेको कुरा बुझ्दै बुझ्न सकेन । ओहो ! मेरा प्रजा मेरो कति भक्ति गर्दा रहेछन् ! मेरो दर्शन गर्न कसरी खुसी भएर उभिएका भन्ने ठानेर ऊ झन् पो मख्ख पर्‍यो ।

तर त्यही जनताको भिडमा आमाको पछि लागेर एउटा पाँच छ बर्से बालक पनि आएको थियो । उसले राजालाई घोडामा



चढेर नाङ्गै आइरहेको देखेर अचम्म मान्दै आमासँग भन्यो, "आमा ! आमा ! आज राजा किन नाङ्गै घुम्न निस्केका ?"

"ए ! के भनेको त्यो !" आमाले डरले छोरालाई आफ्नो खोकिलामा लुकाउन खोज्दै भनिन्, "राजालाई त्यसो भन्नुहुन्न, जिब्रो थुत्छन् ।"

"त्यसो भए किन यसरी घोडा चढेर नाङ्गै हिँडेको त ?" पाँच छ बर्से बालकलाई कुनै डरभर थिएन । ऊ सत्य बोल्नबाहेक झुटो र खुसामद जान्दैनथ्यो । त्यसैले उसले जिद्दी गरेर भन्यो, "हेर्नोस् त राजा नाङ्गा छन् ।"

राजा त्यति बेला त्यसै ठाउँमा आइपुगेको थियो । बालक र आमा चाहिँको सबै

कुरा उसले एक एक सुन्यो । ऊ झसङ्ग भयो । उसको मनमा कुरा खेल्यो, 'अरू त डर र लोभले झुटो बोल्न सक्छन्, तर बालकलाई त किन झुटो बोल्नुपर्छ ? उसलाई न कसैको डर न कसैको लोभ । त के साँच्चै म नाङ्गो छु त ?... के मेरो शरीरमा पोसाक छैन ?... भएदेखि बालकले देख्नुपर्ने !'

यस्तो मनमा परेपछि राजाले तुरुन्त सवारी फर्कने हुकुम दियो । राजा फरक्क दरबारतिर फर्के र दरबारमा पुगेर ऐना अगाडि उभिए । नभन्दै उनी त सर्वाङ्ग नाङ्गै थिए । आफू मूर्ख भएकाले नदेखिएको हो कि भन्ने ठानेर उसले सबै जिउ छामेर हेरे । त्यहाँ के को पोसाक हुनु ? ...जिउ नाङ्गै थियो । ...उसलाई जुलाहासहित सबै भाइ भारदार, मन्त्री, रानीले समेत झुटो बोलेर नाङ्गै सहर घुमाएका थिए ।

यति कुरा छर्लङ्ग हुनासाथ राजाले त्यस फटाहा जुलाहालाई खोजे । तर ऊ विदेशी थियो, किन बसिरहन्थ्यो ? सारा सम्पत्ति विदेशको ढुकुटीमा पुऱ्याइसकेको थियो, तर अरू चाहिँ भागिसकेका थिएनन् । राजाले ती सबैलाई पक्रेर झ्यालखान हाले । अनि आफू गतिला मानिस साथ लिएर राज्य गर्न थाले ।